श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं !"

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान"

# NEGEO समाचार

मासिक

वर्ष १ | अङ्क १ | वैशाख २०८२ | ने.सं. ११४५ | अप्रिल-मे २०२५

सल्लाहकार

अध्यक्ष, भवानी न्यौपाने दाहाल

वरिष्ठ उपाध्यक्ष, रेवन्त गौतम

वरिष्ठ उपाध्यक्ष, प्रभास प्रसाद साह

सम्पादक

रामचन्द्र अधिकारी

अतिथि सम्पादक

ललीक बहादुर महर्जन

नयाँ वर्ष २०८२ सालको सुखद् अवसरमा सम्पूर्ण कर्मचारी, शुभेच्छुक, समर्थक तथा आम संगठकहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामचन्द्र अधिकारी**
महासचिव

**भवानी न्यौपाने दाहाल**
अध्यक्ष

## २०८१ फागुन महिनाका गतिविधिहरू

# नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशन सम्पन्न




नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशन २०८१ माघ ३० देखि फागुन ३ गतेसम्म काठमाण्डौमा सम्पन्न भएको छ । महाधिवेशन सम्मानीय प्रधानमन्त्री तथा नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीले समुद्घाटन गर्नु भएको थियो । कार्यक्रममा विशेष अतिथि नेकपा एमालेका महासचिव शंकर पोखरेल, स्थायी कमिटी सदस्य एवम् जनसंगठन समन्वय संयन्त्र प्रमुख भानुभक्त ढकाल, नेकपा एमालेका पोलिटब्यूरो सदस्य तथा पेसागत महासङ्घ नेपालका ईन्चार्ज रामेश्वर फुयाल, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राज कुमार गुप्ता, नेकपा एमालेका केन्द्रीय सदस्य बाबुराम थापा, पेसागत महासङ्घ नेपालका अध्यक्ष पुण्य प्रसाद ढकाल लगायतका अतिथिहरूको उपस्थिति रहेको थियो । उक्त महाधिवेशनले १७१ सदस्यीय केन्द्रीय कार्य समिति, ५ सदस्यीय केन्द्रीय अनुशासन आयोग, ५ सदस्यीय केन्द्रीय लेखापरीक्षण आयोग, ५ सदस्यीय केन्द्रीय नीति अनुसन्धान आयोग र ११ सदस्यीय विज्ञान तथा प्रविधि आयोग र ७१ जना केन्द्रीय परिषद् सदस्य सर्वसम्मत रूपमा निर्वाचित गरेको छ । उक्त बाह्रौं महाधिवेशनमा केन्द्रीय पदाधिकारी, सदस्य, ७७ जिल्ला र ४१ वटा विभागीय कार्यसमितिका अध्यक्षलगायत केन्द्रीय प्रतिनिधिहरू, प्रदेश अध्यक्ष र मनोनित गरी ७४९ जना प्रतिनिधिहरूको उपस्थिति रहेको महाधिवेशनमा विदेशी पाहुनाको समेत उपस्थिति रहेको थियो । बन्दशत्र कार्यक्रममा संगठनका अध्यक्ष लेखनाथ कोइरालाले सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्ष गणेश प्रसाद आचार्यले आर्थिक प्रतिवेदन पेश भई पारित भएको थियो ।

## केन्द्रीय पदाधिकारी, सदस्यहरूको पदबहाली कार्यक्रम

नेपाल निजामती कर्मचारी संगठनको बाहौं महाधिवेशनबाट निर्वाचित पदाधिकारी सदस्यहरूको पद बहाली कार्यक्रम २०८१ फागुन ४ गते सम्पन्न भएको छ । पदबहाली कार्यक्रममा पेसागत महासङ्घ नेपालका अध्यक्ष पुण्य प्रसाद ढकाल लगायत महासङ्घका पदाधिकारी, सदस्यहरू, संगठनका निवर्तमान केन्द्रीय अध्यक्ष लेखनाथ कोइराला लगायतको उपस्थिति रहेको थियो ।



# पत्रकार भेटघाट कार्यक्रम




नेपाल निजामती कर्मचारी संगठनको बाहौं महाधिवेशनबाट भएका निर्णयहरूलाई सार्वजनिकिकरण गर्न २०८१ फागुन ६ गते ईन्द्रेणी बैङक्वेट, काठमाडौंमा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको छ। उक्त पत्रकार भेटघाट कार्यक्रममा महाधिवेशनले गरेका महत्वपूर्ण निर्णय र संगठनका सदस्यहरूले पालना गर्नुपर्ने प्रतिवद्धता समेत सार्वजनिकरण गरेको छ ।

१. निजामती कर्मचारीको परिभाषामा सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई निजामती सेवाको परिभाषामा समावेश गरी तीनै तहको अन्तरसम्बन्ध रहने गरी स्वास्थ्य र संसद सेवा समावेश गरी एकीकृत सङ्घीय निजामती सेवा ऐन जारी गर्न पहल गर्नुपर्ने ।

२. आधिकारिक ट्रेड युनियन (CBA) को निर्वाचनमा स्वास्थ्य, प्रदेश र स्थानीय तहमा कार्यरत सबै प्रकृतिका सबै कर्मचारीले सहभागी हुन पाउने गरी व्यवस्था गरिनुपर्ने ।

३. "जहाँ सरकार त्यहाँ ट्रेड युनियन" भन्ने मूल ध्येय लिई तीनै तहका कर्मचारीहरूको सहभागिता हुने गरी सङ्घीय संरचनाको निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन यथाशिघ्र गराउन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

४. सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई माथिल्लो पदमा प्रतिस्पर्धा गर्दा उमेरको हद नलाग्ने व्यवस्था गर्नुपर्ने ।

५. सङ्घ, प्रदेश र स्थानीय तहको निजामती सेवा सञ्चालन र व्यवस्थापनका लागि सङ्घीय निजामती सेवा ऐन कर्मचारीमैत्री बनाउनु पर्ने ।

६. प्रदेश र स्थानीय तहमा समायोजनपछि तह वृद्धि भई अवकाश भएका कर्मचारीको अवकाश पछि सेवा सुविधा तहवृद्धि भएको तहकै सेवा सुविधा उपलब्ध गराउनु पर्ने ।

७. कुनै पनि पदमा पाँच वर्ष सेवा अवधि भएको कर्मचारीलाई १ तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा ९० प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीलाई एक श्रेणी वृद्धि गरिनुपर्ने ।

८. सबै कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह लागू गर्नुपर्ने ।

९. सरुवालाई अनुमानयोग्य बनाउन कम्तीमा शुरु पदस्थापना पछिको दुई अवधिका सरुवा तोक्ने व्यवस्था ऐनमै समावेश गर्नुपर्ने ।

१०. उच्चस्तरीय तलब सुधार सुझाव आयोगको प्रतिवेदनको सुझाव

अनुसार कर्मचारीको तलव भत्ता लागायत सेवा सुविधा आगामी बजेटबाट कार्यान्वयनमा ल्याउन सरकारसँग माग गर्ने ।

११. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न आर्थिक सुविधा सहित कम्तीमा पन्ध्र दिन आन्तरिक पर्यटन काज सबै राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराउन पहल गर्नुपर्ने ।

१२. १८० दिनभन्दा बढी सञ्चित हुने घरबिदाको रकम प्रत्येक वैशाख महिनाभित्र भुक्तानीको लागि पहल गर्नुपर्ने ।

१३. औषधी उपचार खर्च सुविधामा सुधार गर्दै परिवारको परिभाषाभित्र पर्नेसम्मका सदस्यलाई उक्त सुविधा प्रदान गर्न र स्वास्थ्य तथा औषधी उपचार बीमाको समेत व्यवस्था गर्न पहल गर्ने ।

१४. कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट उपलब्ध गराईदै आएको सापटी रकमको व्याजदरलाई न्यूनिकरण गर्न पहल गर्ने ।

१५. निजामती अस्पतालबाट प्रदान हुँदै आएका सेवालाई कर्मचारीमैत्री बनाई प्रदेश स्तरमा विस्तार गर्ने र हाल प्राप्त सेवा सुविधालाई सरल, सहज र पहुँचयोग्य बनाउँदै सबै कर्मचारीहरूलाई निजामती अस्पतालको सेवा सुविधा उपलब्ध हुनुपर्ने र सेवानिबृत्त कर्मचारीहरूको निःशुल्क उपचार हुनुपर्ने व्यवस्थाको लागि आबश्यक पहल गर्ने ।

१६. कर्मचारी आवास योजना र निजामती विद्यालय सबै प्रदेश स्तरमा विस्तार गर्न आवश्यक पहल गर्ने।

१७. सेवाग्राहीबाट प्रयोग हुने फाराम, निवेदनहरू निःशुल्क रूपमा उपलब्ध गराई सेवाग्राही सहायता कक्षबाट भर्ने व्यवस्था मिलाउने र बिचौलीयामुक्त सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने ।

१८. Staff Meeting, Senior Management Team, Research and Change Team, Quality Circle जस्ता संयन्त्रहरूमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने ।

१९. सार्वजनिक सेवा प्रवाहलाई सरल बनाउन दुर्गम एवं पिछडिएका क्षेत्रमा नियमित रूपमा एकीकृत घुम्ती सेवा सञ्चालन गर्नुपर्ने ।

२०. योग्यता पुगेका अस्थायी र करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोक सेवा आयोगको सिमित प्रतियोगिताका माध्यमबाट स्थायी गरिनुपर्ने ।

२१. कर्मचारीसँग सम्बन्धित निकायहरू निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता सरोकारित निकायहरूमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने ।

२२. काठमाडौं उपत्यकामा एकीकृत परिवहन सेवाको व्यवस्था र क्षेत्र विस्तार गरी सबै क्षेत्रबाट आउने कर्मचारीलाई सुविधा उपलब्ध गराउने र उपत्यका बाहिरको हकमा एकीकृत परिवहन सेवा सञ्चालन गर्न नसकिनेलाई दूरीको आधारमा यातायात खर्च उपलब्ध गराउनु पर्ने ।

२३. संगठकहरूमा संगठन कार्यसंस्कृति, ट्रेड युनियन मूल्य, मान्यता र प्रतिवद्धता स्थापित गराई लागू गर्ने र ट्रेड युनियनकर्मीहरूको आचारसंहिता वनाउन सरकारलाई सहयोग गर्ने ।

२४. भ्रष्टाचारजन्य कार्यमा शून्य सहनशिलता स्थापित गर्न नियामक निकायहरूसँग सहकार्य गरी भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने र सेवाग्राहीका गुनासो शुन्यमा झार्न योजना तर्जुमा गर्नुपर्ने ।

२५. कार्यालयमा महिला कर्मचारीहरूका लागि स्तनपान कक्ष, शिशु स्याहार केन्द्र, महिलामैत्री शौचालय स्थापना गर्नुपर्ने र सबै कार्यालयहरूमा अपाङ्गमैत्री सेवा प्रवाहको वातावरण बनाउनु पर्ने ।

२६. स्वास्थ्य सेवाका कर्मचारीलाई तीनै तहमा प्रभावकारी व्यवस्थापन गर्नुपर्ने र चक्रिय प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहमा सरुवा हुन पाउने व्यवस्था गर्नुपर्ने ।

२७. कार्यसम्पादन मूल्यांकनलाई वस्तुगत सूचकमा आधारित बनाई सेवा, सुविधा, वृत्ति विकास र दण्ड पुरस्कारमा प्रत्यक्ष आवद्धता खोजिनु पर्ने ।

२८. संगठनले आफ्नो VISION, MISSION, GOAL सहितको ३ वर्षे कार्यकालमा सम्पन्न गर्न सकिने अल्पकालीन र सो भन्दा बढी समयमा सम्पादन हुने कार्यका लागि दीर्घकालिन योजना तयार गरी कामहरूलाई व्यवस्थित गर्ने,

२९. राष्ट्रसेवक सहकारीहरू स्थापना गर्न बाँकी रहेका ९ जिल्लाहरूमा यथाशिघ्र सहकारी स्थापना गर्न पहल गर्ने ।

## हाम्रो प्रतिबद्धता

१. सङ्घ, प्रदेश र स्थानीय तहसम्म संगठन सुदृढीकरण कार्यक्रम संचालन गर्ने ।

२. सुशासन कायम गर्न र नागरिक सेवा प्रवाह प्रभावकारी वनाउन भ्रष्टाचार न्यूनीकरणमा लाग्ने ।

३. समाज र नागरिकप्रति समर्पित भई नागरिक सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाउन क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहमा ध्यान दिने ।

४. कार्यक्षेत्र र कार्यस्थलप्रति जिम्मेवार रहने ।

५. शासन होइन सेवा, शासक होइन सेवक भन्ने मान्यतालाई स्थापित गर्ने ।

६. निगाहमा होइन अधिकारमा आधारित सेवा प्रदान गर्ने ।

७. प्रक्रियामा भन्दा नतिजामा ध्यान दिने ।

८. सेवा लाईनमा होइन अनलाईनमा दिने व्यवस्थामा ध्यान दिने ।

९. प्रक्रियामुखी सेवा प्रवाहलाई परिणाममुखी बनाउन नियत प्रधान होइन, निर्णय प्रक्रियामा नीति प्रधान बनाउनु पर्ने ।

१०. "नेगो एप्स" QR कोड मार्फत संगठनको सम्पूर्ण सूचना तथा आर्थिक कारोवारलाई व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गरिने ।

११. राष्ट्रसेवक सहकारी संस्था लि.हरूको सवलीकरणमा जोड दिने ।

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीसँग समसामयिक विषयमा भेटघाट



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, सदस्यहरूलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राज कुमार गुप्ताले २०८१ फागुन ६ गते मन्त्रालयमा बधाई, शुभकामना तथा सम्मान व्यक्त गर्नु भएको थियो । उक्त भेटघाट कार्यक्रममा सङ्घीय ससंदमा छलफलमा रहेको सङ्घीय निजामती सेवा ऐन लगायत समसामयिक विषयमा समेत छलफल भएको थियो ।

## सम्माननीय प्रधानमन्त्रीसँग भेटघाट कार्यक्रम



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी सदस्यहरूलाई सम्माननीय प्रधानमन्त्री तथा नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री निवास वालुवाटारमा २०८१ फागुन ७ गते एक समारोहका वीच बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ । उक्त भेटघाटको क्रममा सङ्घीय निजामती सेवा विधेयक लगायत समसामयिक विषयमा समेत छलफल भएको थियो भने उक्त कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष गुरु बराल, उपमहासचिव विष्णु रिमाल लगायतले समेत बधाई तथा शुभकामना प्रदान गर्नुभएको थियो ।

## नेपाल स्वास्थ्य प्राविधिक सङ्घद्वारा बधाई तथा शुभकामना कार्यक्रम



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूलाई स्वास्थ्य क्षेत्रमा क्रियाशील ट्रेड युनियन नेपाल स्वास्थ्य प्राविधिक सङ्घले बधाई तथा शुभकामना कार्यक्रम २०८१ फागुन ६ गते सम्पन्न गरेको छ । उक्त कार्यक्रमा संगठनका अध्यक्ष भवानी न्यौपाने दाहाल लगायत केन्द्रीय पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

## नेपाल निजामती कर्मचारी युनियनद्वारा वधाई तथा शुभकामना



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारीहरूलाई निजामती क्षेत्रमा क्रियाशील सहकर्मी ट्रेड युनियन नेपाल निजामती कर्मचारी युनियन, केन्द्रीय कार्य समितिले २०८१ फागुन ६ गते बधाई तथा शुभकामना कार्यक्रम आयोजना गरी युनियनको कार्यालयमा बधाई कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रम आयोजना गर्ने सहकर्मी ट्रेड युनियनका वरिष्ठ उपाध्यक्ष उत्तम कटुवाल लगायत केन्द्रीय कार्यसमितिलाई संगठन केन्द्रीय कार्य समितिको तर्फबाट धन्यवाद ज्ञापन गरिएको छ ।

## अखिल नेपाल महिला सङ्घद्वारा बधाई तथा शुभकामना



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितका पदाधिकारी, सदस्यहरूलाई अखिल नेपाल महिला सङ्घ, केन्द्रीय कार्य समितिको आयोजनामा २०८१ फागुन ७ गते सङ्घको केन्द्रीय कार्यालय, आलोकनगर, काठमाडौंमा बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ ।

## सम्माननीय सभामुखसँग भेटघाट कार्यक्रम



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, सदस्यहरूलाई सम्माननीय सभामुख देवराज घिमिरेले वालुवाटारमा २०८१ फागुन ११ गते एक समारोहका बीच बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ । उक्त भेटघाटको क्रममा सङ्घीय निजामती सेवा विधेयक तत्काल जारी गर्नको लागि सभामुखले पहल गर्ने लगायत समसामयिक विषयमा समेत छलफल भएको थियो ।

## लेखा समूह (लेखापाल र लेखा अधिकृत)को पदपूर्ति सन्दर्भमा महालेखा नियन्त्रकसँग छलफल

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको पहलमा लोक सेवा आयोगको नियमित शाखा अधिकृत वा सो सरहको विज्ञापनमा लेखा अधिकृतको पद संख्या माग गर्दा केही पद रिक्त नदेखाई गरेको विज्ञापनको सम्बन्धमा २०८१ फागुन १२ गते महालेखा नियन्त्रक लगायत मलेनिकाका पदाधिकारीहरूसँग वृहत् छलफल भएको थियो । उक्त छलफल पश्चात माग गर्न बाँकी ४७ वटा पद संख्या माग गर्ने सहमति पश्चात लोक सेवा आयोगबाट पुनः विज्ञापन गराउन संगठन सफल भएको छ । साथै लेखापाल पदपूर्तिका सम्बन्धमा मलेनिकाद्वारा थप माग गर्न नसकिने भनिएको परिपत्रको सन्दर्भमा संगठनको पहलमा अन्तरक्रिया र छलफल गरी ३२ जना लेखापालको माग आकृति पठाउन सहमति दिने निर्णय गरेको छ । जसले सहलेखापाल र लेखापाल बढुवालाई सहज बनाएको थियो । उक्त कार्यमा समन्वय र सहजीकरण गर्ने मुख्य सचिव लगायत सम्पूर्ण उच्च प्रशासक र पेसागत महासङ्घ नेपाल लगायत उक्त कामको सहजीकरण गर्ने अन्य पदाधिकारी तथा सदस्यहरूलाई संगठनको तर्फबाट धन्यवाद व्यक्त गरिएको छ ।

## लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्रीसँग भेटघाट



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी सदस्य लगायत लुम्बिनी प्रदेश कार्यसमितिको उपस्थितिमा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री चेतनारायण आचार्यसँग प्रदेश निजामती सेवा ऐन तथा नियमावली र स्थानीय सेवा ऐन तथा नियमावलीमा संगठनले उठान गरेका माग मुद्दाहरू समावेश गरी ऐन तथा नियमावली तत्काल जारी गर्ने लगायत समसामयिक विषयमा २०८१ फागुन १३ गते दाङ, देउखुरीमा भेटघाट कार्यक्रम सम्पन्न भएको छ । उक्त भेटघाट कार्यक्रमको अवसरमा माननीय मुख्यमन्त्रीले केन्द्रीय पदाधिकारी सदस्य र प्रदेश कार्यसमितिका सदस्यहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना समेत प्रदान गर्नुभएको थियो ।

## नेपाल निजामती कर्मचारी संगठनको प्रथम पदाधिकारी बैठक



नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशनबाट निर्वाचित पदाधिकारीको प्रथम बैठक २०८१ फागुन १९ गते संगठन केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ। उक्त बैठकले २०८२ को क्यालेण्डर प्रकाशन, नेगो सम्पर्क डायरी २०८२ प्रकाशन, नेगो वुलेटिन, नेगो पुस्तकालयको निर्माण गर्ने लगायतका महत्वपूर्ण निर्णय गरेको छ ।

## सङ्घीय ऐनमा संयुक्त ट्रेड युनियनको बैठकमा छलफल



सङ्घीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भइरहेको सङ्घीय निजामती सेवा विधेयकमा साविकमा पेस गरिएका साझा सुझावहरूलाई आधार मानी सो आधारमा साझा सुझाव तयार गर्नको लागि सबै ट्रेड युनियनका प्रतिनिधिले आधारभूत विषयहरू तयार गर्न सुझाव समिति गठन गर्नका लागि संयुक्त ट्रेड युनियनको बैठक २०८१ फागुन २० गते संगठनमा सम्पन्न भएको छ ।

## प्रशासन सेवाको शाखा अधिकृत पदपूर्तिका सम्बन्धमा छलफल

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको पहलमा लोक सेवा आयोगको नियमित शाखा अधिकृत वा सो सरहको विज्ञापनमा शाखा अधिकृतको पद संख्या माग गर्दा केही पद रिक्त नदेखाई गरेको विज्ञापनको सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सचिव, सह-सचिव लगायतसँग २०८१ फागुन २१ छलफल गरी रिक्त देखिएको ३७ सिटमा थप विज्ञापन गर्न सफल भएको छ । जसले गर्दा बढुवा उन्मुख रहेका राजपत्र अनंकित प्रथम श्रेणी नासु वा सो सरहका कर्मचारीहरूलाई थप राहत भएको छ ।

## ऐनमा साझा सुझाव तयार गर्न संयुक्त ट्रेड युनियनको कार्यदल गठन

२०८१ फागुन २३ गते शुक्रवार संयुक्त ट्रेड युनियनको बैठक सम्पन्न गरी राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको सङ्घीय निजामती सेवा ऐनको विधेयक, २०८० का सम्बन्धमा निजामती, स्वास्थ्य, संसद तथा स्थानीय तह सरकारी सेवामा राष्ट्रसेवक कर्मचारीहरूसँग सरोकारित विषयमा आवश्यक छलफल गर्ने तथा सुझाव संकलन गरी संयुक्त ट्रेड युनियन संजालमा पेश गर्ने गरी कार्यदल गठन गर्ने निर्णय भएको छ । उक्त कार्यदलमा ६ वटा ट्रेड युनियनका २/२ जनाका दरले प्रतिनिधित्व रहेको छ ।

## संयुक्त प्रेस विज्ञप्ति

नेपालको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी र जनमुखी बनाई आम जनताको "शीघ्र सेवा र तीव्र विकास"को जनआकांक्ष पूरा गर्नु आजको आवश्यकता हो । स्थायी सरकारको रूपमा रहेको निजामती प्रशासनमा ट्रेड युनियन अधिकार मार्फत आफ्ना वर्गीय हितसँगै नागरिकको सेवामा समर्पित भइरहेको वर्तमान अवस्थामा नेपाल सरकारले सार्वजनिक प्रशासनको मूल कानुनको रूपमा रहेको 'सङ्घीय निजामती सेवा ऐन' सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको ९ वर्षसम्म जारी हुन सकेको छैन । उक्त ऐन कर्मचारीमैत्री तथा जनमैत्री बनाई अविलम्ब जारी गर्न जोडदार माग गर्दछौं ।

मिति २०८१ फाल्गुन २३ गते शुक्रवार बसेको संयुक्त ट्रेड युनियन सञ्जालको बैठकबाट राज्य व्यवस्था तथा सुशासन समितिमा

विचाराधीन सङ्घीय निजामती सेवा विधेयक, २०८० सम्बन्धमा निजामती, स्वास्थ्य, संसद प्रदेश तथा स्थानीय सरकारी सेवामा सेवारत राष्ट्रसेवक कर्मचारीसँग सरोकारित विषय सम्बन्धमा आवश्यक छलफल तथा सुझाव संकलन गरी संयुक्त ट्रेड युनियन सञ्जालमा पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गरिएको व्यहोरा जानकारी गराउँदै सरोकारित पक्षसँग समन्वय गर्न तपसिलका पदाधिकारीहरूसँग समन्वय गर्न हुन हार्दिक अनुरोध छ ।

**समन्वय कार्यदल**

१. श्री रामचन्द्र अधिकारी, महासचिव, नेपाल निजामती कर्मचारी संगठन, मो.नं. ९८५१००१३७२
२. श्री बामदेव ओली, उपमहासचिव, नेपाल निजामती कर्मचारी संगठन, मो.नं. ९८५११९७९४६
३. श्री इन्द्र शर्मा, उपमहासचिव, नेपाल निजामती कर्मचारी युनियन, मो.नं. ९८६७२५३२६३
४. श्री गणेश भण्डारी, उपमहासचिव, नेपाल निजामती कर्मचारी युनियन, मो.नं. ९८५१२६७५९१
५. श्री हरिलाल वि.क सुनार, सचिव, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, मो.नं. ९८५१३३११०४
६. श्री सुरज निरौला, विभागीय प्रदेश सचिव, ने.रा.नि.क.सं., मो.नं. ९८५१३४८९९८
७. श्री राजकुमार महतो, सचिव, नेपाल मधेशी निजामती कर्मचारी मञ्च, मो.नं. ९८५११३१६९५
८. श्री रविशंकर पाण्डे, केन्द्रीय सदस्य, नेपाल मधेशी निजामती कर्मचारी मञ्च, मो.नं. ९८५१०९०६८८
९. श्री टंकमणी ज्ञवाली, उपमहासचिव, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, मो.नं. ९८४१३५०७८३
१०. श्री तिर्थ जि.सी., सचिव, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, मो.नं. ९८४४८९६८८८
११. श्री अविशेष भट्टराई, सचिव, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल, मो.नं. ९८५१०५०३५६
१२. श्री बाबुराम पाण्डे, सचिव, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल, मो.नं. ९८४७०१५१२

## धन्यवाद कार्यक्रम सम्पन्न

नेपाल निजामती कर्मचारी संगठनको बाह्रौं महाधिवेशन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग गर्नु हुने अध्यक्ष मण्डल, निर्वाचन मण्डल, निवर्तमान केन्द्रीय कार्यसमिति लगायतका पदाधिकारी, सदस्य, पेसागत महासङ्घ नेपालका पदाधिकारी, सदस्यहरूलाई २०८१ फागुन २५ गते एक कार्यक्रमबीच धन्यवाद गरिएको थियो ।

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, २०८१




नेपाल निजामती कर्मचारी संगठनले ११५औं (मार्च ८) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा "नेपालमा लैङ्गिक समानता र महिला सशक्तिकरणको अवस्था चुनौती एवम् लैङ्गिकमैत्री निजामती सेवाका सवाल" विषयक छलफल कार्यक्रम २०८१ फागुन २८ सम्पन्न भएको छ। उक्त कार्यक्रममा नेकपा एमालेका पोलिटब्यूरो सदस्य सुजिता शाक्य प्रमुख अतिथि रहनु भएको भने कार्यक्रममा नेपाल सरकारका पूर्व सह-सचिव शान्ता भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा संगठनका केन्द्रीय पदाधिकारी, सदस्य, उपत्यका प्रदेश अन्तर्गतका पदाधिकारी सदस्य, जिल्ला/विभागीय कार्यसमितिका साथै आम संगठकहरूको उल्लेख्य उपस्थित रहेको थियो ।

## शुभकामना तथा बधाई कार्यक्रम

नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समिति, लुम्बिनी प्रदेश कार्यसमिति, जिल्ला कार्य समिति, काठमाडौं, ओखलढुंगा, चितवन, मकवानपुर, सप्तरी र भक्तपुर, विभागीय कार्यसमिति अर्थ, शिक्षा, स्वास्थ्य, भूमिसुधार लगायतका कार्यसमितिहरूबाट केन्द्रीय पदाधिकारी, सदस्यहरूलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गर्नुभएको छ ।

# बधाई तथा शुभकामना कार्यक्रम

सङ्घीय संसदको कानुन बमोजिम हरेक २/२ वर्षमा सम्पन्न हुने सङ्घीय संसद सचिवालयको आधिकारिक ट्रेड युनियनको निर्वाचन २०८१ फागुन २६ गते सम्पन्न भएको छ । उक्त निर्वाचनमा नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय सदस्य रेणुका सुवेदीको नेतृत्वमा सम्पूर्ण पदाधिकारी, सदस्यहरू निर्वाचित हुनु भएको छ । उक्त आधिकारिक ट्रेड युनियनमा नवनिर्वाचित पदाधिकारी, सदस्यहरूलाई संगठन केन्द्रीय कार्यसमितिले २०८१ चैत्र १ गते बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ ।



## बृहत वनभोज कार्यक्रम




नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेशको व्यवस्थापनमा बृहत वनभोज कार्यक्रम, २०८१ चैत्र २ गते निजामती पार्क गोकर्णमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेपाल सरकारका भूमि, व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रममा नेपाल सरकारका रक्षा मन्त्री माननीय मानवीर राई र लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्य, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याललगायत उच्च प्रशासकहरूसमेत करिव दुई हजार जना संगठनहरूको उपस्थिति रहेको थियो ।

## भित्तेपत्रो प्रकाशन

नेपाल निजामती कर्मचारी संगठनको भित्तेपात्रो (क्यालेण्डर) २०८२, ४० हजार प्रति प्रकाशन गरी वितरण गर्ने काम सम्पन्न भएको छ । संगठनको प्रथम पदाधिकारी बैठकको निर्णय अनुसार महासचिव रामचन्द्र अधिकारीको संयोजनकत्वमा ९ सदस्यीय प्रकाशन समिति गठन भएको थियो । उक्त भित्तेपात्रोमा संगठनले गरेका महत्वपूर्ण गतिविधिहरू समावेश गरिएको छ ।

## राज्य व्यवस्था तथा सुशासन उप-समिति

सङ्घीय संसदको राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उप-समितिले २०८१ फागुन ९ गते सङ्घीय निजामती सेवा विधेयकका सम्बन्धमा छलफल गर्न निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनका पदाधिकारीहरूलाई उपसमितिको बैठकमा बोलाई छलफल कार्यक्रम सम्पन्न गरेको छ । उक्त छलफल कार्यक्रममा संगठनको तर्फबाट महासचिव रामचन्द्र अधिकारीले सहभागिता जनाउनु भएको थियो भने छलफल कार्यक्रममा संगठनको तर्फबाट तयार भएको साझा धारणा प्रस्तुत गरिएको थियो ।

## सम्माननीय प्रधानमन्त्रीसँग भेटघाट



नेपाल निजामती कर्मचारी संगठनको अगुवाईमा निजामती क्षेत्रमा क्रियाशील ट्रेड युनियनको तर्फबाट संयुक्तरूपमा सङ्घीय संसदको राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उप समितिमा छलफल भइरहेको सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने महत्वपूर्ण विषयवस्तु लगायत समसामयिक विषयमा २०८१ चैत्र १२ गते वालुवाटारमा भेटघाट कार्यक्रम सम्पन्न भएको छ ।

## साझा धारणा सार्वजनिक


संयुक्त ट्रेड युनियनको तर्फबाट उच्च राजनैतिक नेतृत्व, प्रशासनिक नेतृत्व, सघीय संसदका सदस्यहरूलाई वुझाएको ८५ बुँदे मागपत्र ०७८ माघ १२ गतेको सर्वोच्च अदालतको निर्देशनात्मक आदेश, ०८० असोज २७ गते स्थानीय तहको आन्दोलनको क्रममा नेपाल सरकार र ट्रेड युनियनहरू वीच भएको सम्झौतामा भएका मागहरूलाई समेत सश्लेषण गरी सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने आधारभूत विषयहरू समावेश गरी ऐन तत्काल जारी गर्न र सो नगर्दा चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम तय गर्न २०८१ साल चैत्र १५ गते संयुक्त ट्रेड युनियनको साझा धारणा सार्वजनिक गरिएको छ ।

# पूर्व प्रधानमन्त्री प्रचण्डसँग भेटघाट कार्यक्रम



सङ्घीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भइरहेको सङ्घीय निजामती सेवा ऐनको विधेयकमा संयुक्त ट्रेड युनियनको तर्फबाट पेश भएका सुझावहरू समावेश गरी छिटो सङ्घीय निजामती सेवा ऐन जारी गर्नको लागि आवश्यक सहजीकरण गरी दिनको लागि संयुक्त ट्रेड युनियनको तर्फबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)सँग २०८१ चैत्र १३ संयुक्त ट्रेड युनियनको तर्फबाट भेटघाट कार्यक्रम सम्पन्न भएको छ । भेटघाटको क्रममा ट्रेड युनियनको तर्फबाट तयार गरिएको साझा धारणासमेत प्रस्तुत गरिएको थियो ।

संघीय निजामती सेवा ऐनका सम्बन्धमा संयुक्त ट्रेड युनियनको तर्फबाट तयार भएको साझा धारणा सार्वजनिक गर्न २०८१ चैत्र ३१ गते संयुक्त पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको छ । पत्रकार भेटघाट कार्यक्रममा ट्रेड युनियनका अध्यक्ष तथा प्रतिनिधिहरूले सम्बोधन गर्नु भएको छ ।



संयुक्त प्रेस विज्ञप्ति

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य पूरा गर्न राष्ट्रसेवक कर्मचारीहरूको भूमिका अहम् रहेको हुन्छ । देश सङ्घीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि सङ्घीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासनलाई व्यवस्थापन एवं मार्गदर्शन गर्ने छाता कानूनको रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरताको भुमरीमा परेको छ। राज्यको प्रत्यक्ष उपस्थिति जनाउने सार्वजनिक सेवा प्रवाहको प्रमुख माध्यमको रूपमा रहेको देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो । यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराउँदै आएका छौं ।


समग्र कर्मचारीको साझा हितका साथै स्थानीय र अन्य सरकारी सेवाको मार्गदर्शकको रूपमा रहेको संघीय निजामती सेवा ऐन निर्माणको प्रक्रियामा सरोकारवाला पक्षहरूको अर्थपूर्ण सहभागिता अपरिहार्य रहेकोले यस्ता विषयमा सम्बन्धित पक्षहरूसँग छलफलको आवश्यकता रहेको छ । निजामती प्रशासनलाई संघीय शासन अनुरूपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिकमैत्री गराउने कार्यमा सहयोग पुग्ने गरी ऐन जारी हुन आवश्यक रहेको छ ।

मिति २०८१/१२/२० शिक्षक महासंघ र नेपाल सरकार बीच यस अघि भएको सम्झौता कार्यान्वयनमा उदासीनता देखाएका कारण विभिन्न माग राखि शान्तिपूर्ण शैक्षिक सडक आन्दोलनप्रति निजामती क्षेत्रमा कियाशिल राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको गम्भिर ध्यानाकर्षण भएको छ ।

राष्ट्रियस्तरका ट्रेड युनियनबाट साझा मागको रूपमा विगतमा पेश गरिएका ८५ बुँदे मागहरू, २०७८ माघ १२ गते सर्वोच्च अदालतको निर्देशनात्मक आदेश जारी गरी संघीय निजामती सेवा ऐन जारी गर्न भएको फैसला र स्थानीय तहका कर्मचारीको आन्दोलन पश्चात नेपाल सरकार र राष्ट्रियस्तरका ट्रेड युनियन बीच २०८० असोज २७ गते भएको सम्झौतामा भएका मागहरूलाई सश्लेषण गरी तपसिलका विषयहरूलाई अनिवार्य रूपमा समावेश गरी संघीय निजामती सेवा ऐन जारी गर्न राष्ट्रियस्तरका ट्रेड युनियनहरूसँग वार्ता, संवाद र छलफल गरी सो ऐन जारी गर्ने प्रक्रियामा अगाडि बढाउन जोडदार माग गर्दछौं । सरकारले यस्ता विषयलाई समयमै सम्बोधन नगरेमा सार्वजनिक प्रशासनका तथा शैक्षिक क्षेत्रमा समेत गम्भिर समस्या उत्पन्न हुने र यसले प्रशासनिक तथा शैक्षिक क्षेत्रमा अराजकता निम्त्याउने कुरामा समेत सचेत रहन सरकारलाई आग्रह गर्दै हाम्रा मागहरूप्रति सरकार उदासिन भई सुनुवाई नगरेमा संयुक्त ट्रेड युनियन सञ्जालको तर्फबाट चरणबद्ध आन्दोलनको शुरुवात गर्न बाध्य हुने व्यहोरा जानकारी गराउँदै त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरोकारवाला स्वयं हुनुपर्ने व्यहोरा समेत स्पष्ट पार्न चाहान्छौं ।

मागहरू

१. निजामती कर्मचारी भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्छ भन्ने विषय परिभाषामा समेट्नु पर्ने ।
२. संघीय निजामती सेवा ऐन जारी भएपछि संघीय कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई एक पटकका लागि समयोजनको लागि छनौटको अवसर प्रदान गर्नुपर्ने ।
३. रा.प.अनं द्वितीय श्रेणी वा सहायक चौथो तहमा पदपूर्ति गर्दा खुला ७० प्रतिशत अन्तर तह २० प्रतिशत र बढुवा १० प्रतिशत, रा.प.तृतीय श्रेणीको पदपूर्ति सम्बन्धी व्यवस्थामा खुला ५० प्रतिशत, बढुवा ४० प्रतिशत र अन्तर तह/आन्तरिक १० प्रतिशत र रा.प.द्वितीय श्रेणी वा नवौं तहको पदपूर्तिका लागि खुला १० प्रतिशत, अन्तर तह/आन्तरिक प्रतियोगिताबाट १० प्रतिशत र बढुवाबाट ८० प्रतिशत पदपूर्ति गर्ने व्यवस्था हुनुपर्ने ।साथै योग्यता पुगेका सहायकस्तर र रा.प.अन. श्रेणीका कर्मचारीहरूलाई पनि रा.प.द्वितीय श्रेणीको खुल्ला प्रतियोगिताम सहभागी हुने व्यवस्था गर्नुपर्ने ।



४. कुनै पनि पदमा ५ बर्ष सेवा अवधि भएको कर्मचारीलाई एक तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीलाई पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कनबाट कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेका, प्रचलित कानुन बमोजिमको योग्यता पुगेका कर्मचारीलाई दुई तह वा एक श्रेणी वृद्धि गरी तह मिलान गर्नुपर्ने र प्राविधिक सेवामा कार्यरत कर्मचारीहरुको बढुवाको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यता वा सेवा प्रवेशको लागि तोकिएको तालिमलाई आधार मानी बढुवा गर्ने व्यवस्था गर्ने ।
५. निजामती कर्मचारीको सरुवा प्रणालीलाई व्यवस्थित गर्न चक्रीय र पूर्वानुमानयोग्य बनाउँदै सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूको सहमतिको आधारमा अन्तर प्रदेश र अन्तर प्रदेश स्थानीय तह सरुवाको व्यवस्था गर्ने ।
६. संघ, प्रदेश तथा स्थानीय तहको जुनसुकै तहमा कार्यरत कर्मचारीले खुला/आन्तरिक प्रतिस्पर्धाबाट अर्को तहमा नियुक्ति भएमा निजको सेवा निरन्तरताका साथै निवृतिभरण पाउने गरी नियुक्त भएको कर्मचारीले प्रदेश र स्थानीय तहमा आन्तरिक तथा खुल्ला परीक्षा उतिर्ण गरेमा निवृतिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नुपर्ने ।
७. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुने गरी पेसागत हकहित र अधिकारका लागि संगठित हुन कार्यालय प्रमुख हुने बाहेक शाखा अधिकृत वा आठौं तहसम्मका कर्मचारीहरू सदस्य हुन पाउने गरी सामूहिक सौदाबाजी सहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनुपर्ने ।
८. अस्थायी करारमा काम गरेका कर्मचारीलाई एक पटक उमेरको हद नलाग्ने गरी सिमित प्रतियोगिताबाट स्थायी गर्ने र हुन नसक्ने कर्मचारीलाई स्थायी सरहको उपदान दिएर अवकाश दिने व्यवस्था गर्ने र करारमा नियुक्ति गर्नु परेमा लोक सेवा आयोगको अस्थायी सुचीमा परेका उम्मेदवारहरूलाई नियुक्ति दिने व्यवस्था गर्ने ।
९. लोक सेवा आयोगबाट २०७६ सालमा नियुक्त स्थानीय तहमा कार्यरत कर्मचारीहरूको स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाज गर्न खटाइएका कर्मचारीहरूलाई कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्नुपर्ने
१०. स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी विशिष्टिकृत सेवाको रुपमा विकास गर्ने ।

भवानी न्यौपाने दाहाल
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय कार्यसमिति

उत्तम कुमार कटुवाल
वरिष्ठ उपाध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन
केन्द्रीय कार्यसमिति

अम्वादत्त भट्ट
अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
केन्द्रीय कार्यसमिति

याम बहादुर खत्री
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल
केन्द्रीय कार्यसमिति

सीता गुरुङ
का.वा. अध्यक्ष
स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल
केन्द्रीय कार्यसमिति

नेपाल मधेशी कर्मचारी मञ्च
केन्द्रीय कार्यसमिति

मितिः २०८१ चैत्र ३१ आइतबार ।

सङ्घीय निजामती सेवामा संयुक्त ट्रेड युनियनको तर्फबाट तयार भएका सुझावहरू समावेश गर्नको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री र सचिव लगायतका पदाधिकारी, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति लगायत माननीयज्यूहरू र मुख्यसचिव एकनारायण अर्यालसँग संयुक्त रूपमा भेटघाट गरी ऐन तत्काल जारी गर्न दवाव सिर्जना गर्ने काम सम्पन्न भएको छ ।

## पेसागत महासङ्घ नेपाल राष्ट्रिय समितिको तेश्रो परिषद्



पेसागत महासङ्घ नेपाल राष्ट्रिय समितिको तेश्रो परिषद्को बैठक २०८१ चैत्र २२ र २३ गते ललितपुरस्थित राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहलमा सम्पन्न भएको छ । उक्त परिषदमा संगठनको तर्फबाट अध्यक्ष भवानी न्यौपाने दाहालसहित १८ जना पदाधिकारी, सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो भने तेश्रो राष्ट्रिय परिषद्ले महत्वपूर्ण निर्णयहरू पारित गर्दै सम्पन्न भएको छ ।

# गण्डकी प्रदेश कार्य समिति




नेपाल निजामती कर्मचारी संगठन गण्डकी प्रदेशको प्रथम बैठक २०८१/१२/०८ गते संगठन केन्द्रीय कमिटी अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यतामा ७ सदस्यीय प्रदेश सल्लाहकार समिति मनोनयन, गण्डकी प्रदेशबाट निर्वाचित केन्द्रीय पदाधिकारी र सदस्यहरूलाई बधाई तथा शुभकामना, निवर्तमान प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई प्रशंसा पत्र वितरण तथा धन्यावाद ज्ञापन, वि.सं. २०८२ सालको भित्तेपात्रो विमोचन, प्रदेश कार्य समितिलाई प्रविधिमैत्री बनाउन वेभ साईट निर्माण गर्ने र सामाजिक सञ्जालका प्रमुख प्लेटफर्महरूमा आधिकारिक एकाउन्ट खोली सूचना संचार तथा क्रियाकलाप गर्ने र प्रदेश कार्यसमितिका पदाधिकारीहरूको जिम्मेवारी विभाजनलगायतका महत्वपूर्ण निर्णय गर्दै सम्पन्न भएको छ ।

# लुम्बिनी प्रदेश कार्यसमिति



नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यतामा २०८१ फागुन १३ गते वार्षिक कार्ययोजना तर्जुमा गर्दै बैठक सम्पन्न गरेको छ भने नयाँ वर्ष २०८२ सालको भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन, स्थानीय सेवा नियमावली र प्रदेश निजामती सेवा नियमावली (प्रथम संशोधन) कर्मचारीमैत्री वनाउन मुख्यमन्त्री, प्रमुख सचिवलाई सुझावसहित दवाव सिर्जना गर्ने काम सम्पन्न भएको छ ।

# कर्णाली प्रदेश कार्यसमिति



नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्यसमितिको प्रथम बैठक २०८१ माघ २७ गते सम्पन्न भएको छ भने २०८१ चैत्र १६ गते ७ बुँदे कुपिन्डे घोषणा पत्र जारी गर्दै पदाधिकारीहरूको प्रथम बैठक सम्पन्न भएको छ । संगठनको प्रदेश कार्यसमितिको कार्यालयको स्थापना, संयुक्त ट्रेड युनियनको तर्फबाट स्थानीय सेवा ऐनका सम्बन्धमा प्रमुख सचिवलाई ध्यानाकर्षण गराउने कार्य सम्पन्न गरेको छ ।

# कोशी प्रदेश कार्य समिति



नेपाल निजामती कर्मचारी संगठन कोशी प्रदेश कार्यसमितिको पूर्ण बैठक एक पटक बसेको छ । प्रदेश स्तरीय ट्रेड युनियन सञ्जालको बैठकको आयोजना एक पटक बसेको छ । प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको गुनासो सुनुवाईका लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयहरूमा आवश्यक पहल गरिएको छ।

# सुदूरपश्चिम प्रदेश कार्यसमिति

नेपाल निजामती कर्मचारी संगठन, सुदूरपश्चिम प्रदेश कार्यसमितिले २०८१ फागुन २ गते जुम प्रविधि मार्फत प्रदेश कार्यसमितिको बैठक बसि प्रदेश निजामती सेवा ऐन र नियमावली र स्थानीय सेवा ऐन तत्काल जारी गर्ने सम्बन्धमा संगठनको धारणा सार्वजनिक गरेको छ । साथै स्थानीय ऐन तत्काल जारी गर्न प्रदेश कार्यसमिति, कञ्चनपुर, वझाङ, कैलाली लगायतका जिल्लाहरूले प्रदेश सरकारका मुख्यमन्त्री कमल बहादुर शाह, सभामुख भिम भण्डारी, मुख्य दलका प्रमुख सचेतक र दलका नेता विधान समितिका सभापति लगायतलाई ध्यानाकर्षण गरेको छ ।

# उपत्यका प्रदेश तथा विभागीय कार्यसमितिका गतिविधि

| क स | विभाग/मन्त्रालय | गतिविधि |
|---|---|---|
| १. | उपत्यका प्रदेश कार्यसमिति | १.नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना<br>२. होली मिलन कार्यक्रम<br>३. बृहत बनभोज कार्यक्रम<br>४. बैठक-३ पटक |
| २. | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | १.प्रशासनिक सुधारका लागि आन्तरिक पहल गरेको |
| ३. | अर्थ मन्त्रालय | १.नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना<br>२.बैठक-३ पटक बसेको |
| ४. | शिक्षा मन्त्रालय | १.नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना |
| ५. | भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १.नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना<br>२. बैठक-३ पटक |
| ६. | भौतिक तथा पुर्वाधार मन्त्रालय | १.नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना<br>२. बैठक- १ पटक |
| ७. | संसद | १.CBA निर्वाचनमा पुरै प्यानल विजयी भएको<br>२.बधाई तथा शुभकामना<br>३.बैठक- ५ पटक |
| ८ | राष्ट्रिय योजना आयोग | १.बैठक-१ पटक |
| ९. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १.बैठक- १ पटक<br>२. सिभिल अस्पतालमा आन्दोलनलाई सहजीकरण गरिएको। |
| १०. | लोक सेवा | १.बैठक-१ पटक |
| १२. | सर्वोच्च अदालत | १ नवनिर्वाचित केन्द्रिय कार्यसमितिलाई बधाई तथा शुभकामना<br>२. बैठक-३<br>३. क्यालेन्डर प्रकाशित |

# जिल्लागत गतिविधि

**सुर्खेतः** जिल्ला कार्यसमितिका २ वटा बैठक सम्पन्न भएका, केन्द्रीय पदाधिकारी तथा प्रदेश कार्यसमितिलाई बधाई कार्यक्रम, होली मिलन कार्यक्रम, बृहत वनभोज कार्यक्रम, विभिन्न पदमा पदोन्नती भएका संगठकहरूलाई बधाई तथा सम्मान, २०८२ सालको क्यालेण्डर प्रकाशन साथै नयाँ वर्ष २०८२ को शुभकामना लगायतका गतिविधिहरू सम्पन्न भएको ।

**दैलेखः** दैलेख जिल्ला कार्यसमितिका २ वटा बैठक ।

**सल्यानः** सल्यान जिल्ला कार्यसमितिले १ वटा बैठक, वृहत वनभोज कार्यक्रम, नयाँ वर्ष २०८२ को क्यालेण्डर विमोचन ।

**डोल्पाः** डोल्पा जिल्ला कार्यसमितिले नयाँ सदस्यता विस्तार, त्रिपुरासुन्दरी न.पा.को नगर अधिवेशन । डोल्पा जिल्लाबाट केन्द्रमा निर्वाचित पदाधिकारी तथा प्रदेशमा निर्वाचित पदाधिकारीहरू तथा सदस्यहरूलाई बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरेको ।

**मुगुः** मुगु जिल्ला कार्यसमितिको २ वटा बैठक सम्पन्न, नविकरण तथा नयाँ सदस्यता वितरण र नयाँ वर्ष २०८२ को शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको ।

**जुम्लाः** जुम्ला जिल्ला कार्य समितिले हरेक महिनाको अन्तिम शुक्रवार नियमित बैठक गर्ने जुम्ला जिल्लाबाट केन्द्रमा निर्वाचित पदाधिकारी तथा प्रदेशमा निर्वाचित पदाधिकारीहरू तथा सदस्यहरूलाई बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ भने आगलागी पिडितहरूलाई रू. २१,८३५/- नगद सहयोग गरेको ।

**रुकुम पश्चिमः** रुकुम पश्चिम जिल्ला कार्यसमितिले ३ वटा बैठक सम्पन्न गरेको ।

**रूपन्देहीः** जिल्ला कार्यसमिति रूपन्देहीको आयोजनामा दिलिप स्मृति दिवसको सन्दर्भमा ६३ पिन्ट रगत संकलन गर्दै वृहत रक्तदान कार्यक्रम, नयाँ वर्ष २०८२ को क्यालेण्डर प्रकाशन र लुम्बिनी प्रादेशिक अस्पतालमा १०० जनाको सहभागितामा प्रारम्भिक कार्यसमिति गठन भएको ।

**दाङः** दाङ जिल्ला कार्यसमितिले प्रथम बैठक सम्पन्न गर्दै वार्षिक कार्ययोजना निर्माण गर्ने र नयाँ वर्ष २०८२ को क्यालेण्डर प्रकाशन गरेको छ ।

**अर्घाखाँचीः** अर्घाखाँची जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम साथै २ वटा बैठकहरू सम्पन्न गरेको ।

**पाल्पाः** पाल्पा जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, जिल्ला कार्यसमितिको नाममा स्थायी लेखा नम्बर लिने काम सम्पन्न भएको ।

**नवलपरासीः** नवलपरासी जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम र आर्दश मा.वि. रामग्राममा अध्ययनरत दृष्टिविहिन विद्यार्थीहरूको लागि वाटर डिसपेन्सन र पानी पिउने वोतल वितरण कार्यक्रम सम्पन्न गरेको ।

**कपिलवस्तुः** जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, ३ वटा बैठक सम्पन्न ।

**रोल्पाः** जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, ३ वटा बैठक सम्पन्न ।

**रुकुम पूर्वः** जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, ३ वटा बैठक सम्पन्न ।

**गुल्मीः** जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, ४ वटा बैठक सम्पन्न ।

**प्यूठानः** जिल्ला कार्यसमितिले २०८२ को क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम, २ वटा बैठक सम्पन्न ।

**बाँकेः** २०८१/११/२४ गते वृहत वनभोज कार्यक्रम, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नारी सम्मान कार्यक्रम सम्पन्न गरेको, २०८१ चैत्र १ होली मिलन कार्यक्रम र क्यालेण्डर प्रकाशन तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न । शहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति उद्यानका लागि जग्गा प्रासिका लागि पहलकदमी र संगठनको स्थायी लेखा नम्बर पान लिने कार्यसम्पन्न भएको, कार्य समितिका ४ वटा बैठक तथा ७ वटा सचिवालयका बैठक सम्पन्न भएको ।

**झापाः** बैठक ४ वटा, सचिवालय बैठक २ वटा भने संगठनबाट प्रकाशित क्यालेण्डरको विक्री वितरण तीन वटा पालिका (कचनाकवल गापा, झापा गापा, अर्जुनधारा नपा) अधिवेशन, मिति १९/१२/२०८१ निःशुल्क बृहत स्वास्थ्य शिवर सम्पन्न भएको ।

**मोरङः** कार्य समितिको पूर्ण बैठक १ पटक, सचिवालय बैठक १ पटक, अन्य ट्रेड युनियनहरूसँग अन्तरक्रिया, क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**सुनसरीः** पूर्ण बैठक १ पटक, कोशी प्रदेश अधिवेशनको व्यवस्थापन, वनभोज कार्यक्रमको आयोजना र क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**उदयपुरः** नियमित बैठक २ पटक, २०८२ को भित्तेपात्रो प्रकाशन तथा विक्री वितरण र स्वागत सम्मान विदाई कार्यक्रमहरू सम्पन्न भएको ।

**धनकुटा :** पूर्ण बैठक २ वटा, सचिवालय बैठक तीन वटा, केन्द्रीय समितिमा निर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना, सरुवा भई आउने कर्मचारीहरूलाई स्वागत तथा क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**संखुवासभा :** नियमित बैठक सम्पन्न भएको क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**तेह्रथुम :** पूर्ण बैठक १ पटक, सचिवालय बैठक १ पटक, वनभोज कार्यक्रम, लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीलाई स्वागत, प्रमुख जिल्ला अधिकारीलाई स्वागत र क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**सोलुखुम्बु :** पूर्ण बैठक १ पटक र क्यालेण्डर विक्री वितरण सम्पन्न भएको ।

**पाँचथरः** पूर्ण बैठक १ पटक, २०८२ को भित्तेपात्रो प्रकाशन, क्यालेण्डर विक्री वितरण, सहिद मनोज-झपेन्द्र स्मृति प्रतिष्ठान दर्ता, याङवर गाउँपालिका अधिवेशन, तीन वर्षे वार्षिक कार्य योजना निर्माण ।

**ताप्लेजुङः** एक वटा पालिका अधिवेशन सम्पन्न

(आठराई त्रिवेणी) र २०८२ को भित्तेपात्रो विक्री वितरण ।

**इलाम:** ८ वटा पालिका अधिवेशन सम्पन्न (रोङ गापा, जोगमाइ गापा र सूर्योदय नपा, फोकथुम गापा, माम्सेबुङ गापा, माइ नपा, देउमाइ नपा, र चुलाचुली गापा), पूर्ण बैठक २ वटा र २०८२ को भित्तेपात्रो विक्री वितरण ।

**ओखलढुंगा:** नियमित बैठक १ पटक, जिल्ला प्रशिक्षण कार्यक्रम, प्रमुख जिल्ला अधिकारीलाई स्वागत र २०८२ को भित्तेपात्रो विक्री वितरण ।

**भोजपुर:** कार्य समिति बैठक २ पटक, प्रजातन्त्र दिवसको अवसरमा बजार सरसफाई कार्यक्रम र २०८२ को भित्तेपात्रो विक्री वितरण ।

**खोटाङ:** नियमित बैठक सम्पन्न र २०८२ को भित्तेपात्रो विक्री वितरण कार्य सम्पन्न भएको ।

**चितवन:** नियमित ५ पटक बैठक सम्पन्न, मित्रमिलन तथा वनभोज कार्यक्रम र २०८२ को भित्तेपात्रो विक्री वितरण कार्य सम्पन्न भएको ।

**मकवानपुर:** नियमित ३ पटक बैठक सम्पन्न, वनभोज कार्यक्रम र २०८२ को भित्तेपात्रो विक्री वितरण कार्य सम्पन्न भएको ।

**कास्की:** अग्रजलाइ सम्मान, अभिलेख डिजिटाइजेशन, बनभोज, कार्योजना निर्माण, जहाँ कर्मचारी त्यहाँ संगठन जहाँ संगठन त्यहा सहकारी सदस्य अभियान, जिम्मेवारी बाँडफाड, चैत्र ९ गते रमाइलो बनभोज तथा कर्मचारी भेला, एक सदस्य एक कार्यक्रम साथै राष्ट्रसेवक सहकारी कास्कीको आयोजनामा मिति २०८१ चैत्र २३ देखि २७ सम्म अवलोकन भ्रमण सम्पन्न भएको छ ।

**स्याङ्जा:** पुतलीबजार, फेदीखोला, आधिखोला दोस्रो पालिका अधिवेशन सम्पन्न, हालसम्म ५ वटा पालिका अधिवेशन सम्पन्न, अधिवेशन गर्न बाँकी ३ पालिकाहरूमा अधिवेशन सम्पन्न गर्न सम्पर्क व्यक्ति तोकिएको, सहकारीको अध्ययन अवलोकन भ्रमण सम्पन्न ।

**तनहुँ:** पालिकाहरूमा सदस्यता वितरण अभियान, २ महिनामा एक पटक नियमित बैठक, निर्वाचित कार्यसमिति सदस्यले सहकारीको सदस्यता लिने र निर्वाचित सदस्यले कम्तीमा २ जना सहकारी सदस्य बनाउने, क्यालेण्डर छपाई, शुभकामना तथा बधाई ज्ञापन कार्यक्रम, ३ सदस्यीय सल्लाहकार समिति गठन, जिल्ला कार्यसमितिको आफ्नै स्थायी लेखा नम्बर प्राप्त, रमाइलो वनभोज तथा वृहत कर्मचारी भेला माघ ५ गते अधिवेशन सहित सम्पन्न । चैत्र २१ गते भित्ते पात्रो विमोचन कार्यक्रम सम्पन्न भएको छ ।

**पर्वत:** धन्यवाद तथा बधाई तथा शुभकामना कार्यक्रम, सचिवालय गठन, पालिका अधिवेशनहरू यथाशीघ्र सम्पन्न गर्ने, स्मारिका प्रकाशनको तयारी, बैशाखमा बनभोज कार्यक्रम गर्ने, शुभेच्छुक पार्टीसँग नियमित सम्पर्क समन्वय, सामाजिक क्रियाकलापहरू नियमित रूपमा संचालन गर्दै आएको ।

**बाग्लुङ:** क्यालेण्डर प्रकाशन, सचिवालय गठन, महिनाको नियमित बैठक, कार्ययोजना निर्माण,

**म्याग्दी:** क्यालेण्डर प्रकाशन, सचिवालय गठन, नियमित बैठक ।

**मुस्ताङ:** राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. को पुरानो हिसाब माग ।

**लमजुङ:** कोलास्वथर गाउँपालिकामा अधिवेशन सम्पन्न, १५ जना सदस्य थप, बधाई तथा शुसभकामना, क्यालेण्डर छपाइको अन्तिम चरण, कार्ययोजना निर्माण हुँदै गरेको, पालिका अधिवेशनहरू गर्ने, बैशाख ६ गते बनभोज कार्यक्रम सम्पन्न गर्ने, सहकारी समस्याग्रस्त भएको, सहकारी नविकरण समेत नभकाले नविकरण कार्य सम्पन्न, नयाँ संचालक समिति गठन गर्ने तयारी ।

**नवलपरासी:** सल्लाहकार समिति गठन, क्यालेण्डर प्रकाशन, विनयत्रिवेणी गाउँपालिका पालिका अधिवेशन भएको बाँकी पालिका अधिवेशन गर्दै जाने, नियमित बैठक बस्ने, सचिवलाय गठन ।

**गोरखा:** क्यालेण्डर प्रकाशन, बधाई तथा शुभकामना कार्यक्रम, दैनिक रूपमा छलफल चैत्र २१ गते भित्तेपात्रो विमोचन कार्यक्रम सम्पन्न भएको छ ।

**काठमान्डौं:** ३ वटा बैठक, बाह्रौ महाधिवेशन वाट निर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरूलाई सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

**भक्तपुर:** २ वटा बैठक, बाह्रौ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरू र निवर्तमान केन्द्रीय अध्यक्षलाई सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।


## जग्गा खरिद दर्ता गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू

१. जग्गा विक्रि गर्ने वास्तविक व्यक्ति बुझेर सो कित्ता जग्गा निजको हक भोगमा छ छैन प्रस्ट हुनुपर्ने ।
२. उक्त कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठीक भए नभएको एकीन गर्ने ।
३. कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए नभएको बारेमा आफू प्रस्ट हुने ।
४. जग्गा र नक्सामा प्रस्टरूपमा बाटो छ छैन राम्ररी बुझ्ने ।
५. जग्गामा गरेको हकभोगको आकार प्रकार मिल्छ मिल्दैन एकीन गर्ने ।
६. जग्गा रैकर वा गुठी के हो प्रस्ट हुने ।
७. उक्त जग्गामा मोही भए नभएको फिल्डमा हेरी प्रस्ट हुने ।
८. लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ मिल्दैन एकीन गर्ने ।
९. नक्सा बमोजिम जमीनमा चारैतर्फ सीमाना एकीन गर्न रे खाङ्कन गराउने ।
१०. उक्त कित्ताको चारैतिर सीमानामा विवाद भए नभएको जमीनमा नै गई साँध सँधियारहरूबाट बुझ्ने ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिहदरवार, काठमाडौं


## सूचना

**आगामी अङ्क जेठको लागि संगठनले भए गरेका विवरण फोटोसहित अनिवार्यरूपमा पठाइदिनुहुन हार्दिक अनुरोध छ । – सम्पादक**


प्रकाशक

**नेपाल निजामती कर्मचारी संगठन**
**Nepal Government Employees' Organization**
केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७
फोन नं. : ०१-५३५६८९८, ५३५५०२७
ईमेल: negeocc078@gmail.com
वेव : www.negeo.org.np


प्रापक